झापा इनर्जी लिमिटेड
Jhapa Energy Limited

प.सं. २०८२/८३
चलानी नं.: १०४

मिति:२०८३/०१/२१

श्री नेपाल धितोपत्र बोर्ड,
खुमलटार, ललितपुर

श्री नेपाल स्टक एक्सचेन्ज लि.
सिंहदरबार, काठमाडौं

श्री सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेड
पुतलीसडक, काठमाडौं

विषयः तेस्रो त्रैमासिक वित्तिय विवरण प्रकाशित गरिएको बारे ।

महोदय,

उपरोक्त सम्बन्धमा धितोपत्र दर्ता तथा निष्काशन नियमावली २०७३ को अनुसूची १४, नियम २६ को उपनियम (१) संग सम्बन्धित यस झापा इनर्जी लिमिटेडको आ.व. २०८२/८३ को तेस्रो त्रैमासिक वित्तिय विवरण मिति २०८३ बैशाख २१ गते सोमबार नयाँ पत्रिका राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित गरिएकोले सो को जानकारीका लागि यस निवेदन पेश गर्न चाहन्छु ।

संलग्न कागजात

१. नयाँ पत्रिका राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित विवरणको प्रतिलिपि

भवदीय,

सरोज श्रेष्ठ
महाप्रबन्धक तथा कम्पनी सचिव

बोधार्थ:

श्री विद्युत नियमन आयोग, सानोगौचरण, काठमाडौ
श्री विद्युत विकास विभाग, सानोगौचरण, काठमाडौ

नयाँ पत्रिका

झापा इनर्जी लिमिटेड
JHAPA ENERGY LIMITED

रजिष्टर्ड कार्यालय : दिर्तामोड नगरपालिका वडा नं. ४ झापा, नेपाल
इमेल: solarpower@jhapaenergy.com.np वेबसाइट: www.jhapaenergy.com.np

आ.व. २०८२/०८३ को तेश्रो त्रैमासिक विवरण

Statement of Financial Position

Particulars	As on Chaitra 30, 2082 (Unaudited)	As on Poush 30, 2082 (Unaudited)	As on Chaitra 31, 2081 (Unaudited)
ASSETS			
Non-Current Assets:			
Property, Plant & Equipment	796,574,832	805,774,728	816,435,312
Financial Assets			
Investment in Subsidiary	20,000,000	20,000,000	20,000,000
Other Non Current Assets	708,168	708,168	730,000
Total Non-Current Assets	**817,283,000**	**826,482,896**	**837,165,312**
Current Assets			
Inventories	6,100,372	2,383,710	238,918
Financial Assets			
Trade Receivables	19,627,779	15,541,407	14,761,921
Cash and Cash Equivalents	749,210	4,605,655	898,005
Other Current Assets	1,693,732	2,251,240	770,355
Current Tax Assets (Net)	1,525	1,515	-
Total Current Assets	**28,172,618**	**24,783,527**	**16,669,199**
Total Assets	**845,455,618**	**851,266,423**	**853,834,511**
Equity & Liabilities			
Equity			
Equity Share Capital	380,190,000	380,190,000	285,142,500
Other Equity	8,969,240	3,497,232	(13,107,983)
Total Equity	**389,159,240**	**383,687,232**	**272,034,517**
Liabilities			
Non-Current Liabilities			
Financial Liabilities			
Borrowings	412,088,366	420,893,666	525,318,521
Other Financial Liabilities	503,764	534,646	-
Total Non-Current Liabilities	**412,592,130**	**421,428,312**	**525,318,521**
Current Liabilities			
Financial Liabilities			
Borrowings	41,930,000	41,930,000	51,186,900
Trade Payables	-	-	3,671,536
Other Financial Liabilities	1,514,687	4,019,354	1,623,037
Other Liabilities	259,560	201,525	-
Total Current Liabilities	**43,704,248**	**46,150,879**	**56,481,473**
Total Liabilities	**456,296,378**	**467,579,191**	**581,799,995**
Total Equity & Liabilities	**845,455,618**	**851,266,423**	**853,834,511**

Statement of Profit or Loss

Particulars	For The Quarter Ended Chaitra 30, 2082 Unaudited	For The Quarter Ended Poush 30, 2082 Unaudited	For The Quarter Ended Chaitra 31, 2081 Unaudited
Revenue			
Revenue from Sale of Electricity	81,683,379	53,704,961	65,966,162
Cost of Sales			
Generation Expenses	9,266,703	5,413,494	6,342,026
Gross profit	**72,416,676**	**48,291,467**	**59,624,136**
Depreciation	25,754,367	16,554,472	26,391,777
Administrative & Other Operating Expenses	6,814,046	4,724,076	5,201,616
Profit from Operation	**39,848,262**	**27,012,920**	**28,030,743**
Other Income	2,200,000	2,200,000	-
Finance Income	5,728	5,661	3,433
Finance Costs	25,991,575	18,697,268	41,490,316
Profit Before Tax	**16,062,415**	**10,521,313**	**(13,456,139)**
Current Tax	-	-	-
Profit After Tax	**16,062,415**	**10,521,313**	**(13,456,139)**

(धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३ को नियम २६ को उपनियम १ संग सम्बन्धित) अनुसूची-१४ (नियम २६ को उपनियम (१) संग सम्बन्धित)

१. **वित्तीय विवरण**

क) आ. व. २०८२/८३ को तेश्रो त्रैमासिकको अपरिष्कृत वित्तीय विवरण, तुलनात्मक वित्तीय विवरण र वित्तीय अनुपातहरु यसै प्रतिवेदन साथ प्रकाशित गरिएको छ ।

ख) यस कम्पनीको शत प्रतिशत स्वामित्व रहेको झापा एग्रो इण्डष्ट्रिज प्रा. लि संग भएको सम्झौता बमोजिम यस तेश्रो त्रैमासिकको अवधिसम्मा जग्गा लिज भाडा बापत रु. ३,००,०००/- (वार्षिक रु. ४,००,०००/-) यस कम्पनीले खर्च लेखाङ्कन गरेको छ ।

(ग) **प्रमुख वित्तीय सूचकहरु:**

क्र.स.	विवरण	यस त्रैमासिकको अन्त्यसम्मको	अघिल्लो त्रैमासिकको अन्त्यसम्मको	अघिल्लो आ.व. को यसै त्रैमासिकको अन्त्यसम्मको
१	प्रति शेयर आम्दानी (रु.) वार्षिकीकृत	५.६३	५.५३	(६.२९)
२	प्रति शेयर नेटवर्थ (रु.)	१०२.३६	१००.९२	९५.४०
३	प्रति शेयर सम्पत्ती मूल्य (रु.)	२२२.३८	२२३.९१	२९९.४४
४	तरलता अनुपात	०.६४	०.५४	०.३०
५	पी. ई. रेसियो वार्षिकीकृत	२३२.३८	२५७.१४	-

२. **व्यवस्थापकीय विश्लेषण:**

क) यस कम्पनी र नेपाल विद्युत प्राधिकरण बिच सम्पन्न विद्युत खरिद बिक्री सम्झौता (PPA) अनुसार प्रति युनिट ७.३० का दरले नेपाल विद्युत प्राधिकरणलाई निरन्तर विद्युत बिक्री गर्दै आएको छ ।

ख) यस कम्पनीले आफ्नो स्वामित्वमा १० विघा १७ कट्ठा १८.५ धुर र यस कम्पनीको शत प्रतिशत स्वामित्व रहेको झापा एग्रो इण्डष्ट्रिज प्रा. लि को नाममा १० विघा १३ कट्ठा ११ धुर गरी जम्मा २१ विघा ११ कट्ठा ९.५ धुर जग्गा खरिद गरी शिवसताक्षि, झापामा १० मे.वा. क्षमताको ग्रीडमा आवद्ध सौर्य विद्युत आयोजना निर्माण गरी संचालन गर्दै आई रहेको छ । यस कम्पनीले तेश्रो त्रैमासिक अवधि सम्मा यस आयोजनाबाट रु. ८,१६,८३,३७९ बराबरको विद्युत बिक्रीबाट आम्दानी गरेको छ ।

३. **कानुनी कारवाही सम्बन्धी विवरण:**

क) **त्रैमासिक अवधिमा संगठित संस्थाले वा संस्थाको बिरुद्ध कुनै मुद्दा दायर भएको भए :**
यस त्रैमासिक अवधिमा संगठित संस्थाले वा संस्थाको बिरुद्ध कुनै मुद्दा दायर नभएको ।

ख) **संगठित संस्थाको संस्थापक वा संचालकले वा संस्थापक वा संचालकको बिरुद्धमा प्रचालित नियमको अवज्ञा वा फौजदारी अपराध गरेको सम्बन्धमा कुनै मुद्दा दायर भएको भए :**
यस सम्बन्धमा जानकारी प्राप्त नभएको ।

ग) **कुनै संस्थापक वा संचालक विरुद्ध आर्थिक अपराध गरेको सम्बन्धमा कुनै मुद्दा भएको भए :**यस सम्बन्धमा जानकारी प्राप्त नभएको ।

४. **संगठित संस्थाको शेयर कारोबार सम्बन्धी विश्लेषण:**

यस कम्पनी व्यवस्थापनबाट शेयर मूल्यमा असाधारण प्रभाव पर्ने किसिमले कुनै पनि प्रकारको गतिविधिहरु भएको पाइएको छैन । नेपाल स्टक एक्सचेन्ज लिमिटेडको वेबसाइट अनुसार आ. व. २०८२/८३ को तेश्रो त्रैमासिक अवधिमा शेयर सम्बन्धी कारोबारको विवरण देहाय बमोजिम रहेको छ ।

शेयरको अधिकतम मूल्य (रु.)	शेयरको न्युनतम मूल्य (रु.)	शेयरको अन्तिम मूल्य (रु.)	कुल कारोबार दिन	कुल कारोबार संख्या	कुल कारोबार शेयर संख्या
१,७४९	१,२६०	१,३०९	५३	१३,२१७	७१३,२९७

५. **समस्या तथा चुनौती :**

विश्वव्यापी तापमान तथा जलवायु परिवर्तनले सौर्य किरण (Solar Insolation) मा फरक पर्न गई विद्युत उत्पादनमा फरक पर्न सक्ने छ । त्यस्तै कम्पनीको दक्ष जनशक्ति कायम राख्ने चुनौतिहरु यस संस्थामा रहेको छ । संस्थामा आई पर्ने आन्तरिक र वाह्य समस्या तथा चुनौतिहरुलाई समय समयमा बस्ने सञ्चालक समितिको बैठकले समिक्षा गरी सो निराकरणको लागि आवश्यक कार्यान्वयन गर्ने गरेको छ ।

६. **संस्थागत सुशासन :**

यस कम्पनीले संस्थागत सुशासन, संस्थागत सुशासन अभिबृद्धिका लागि सदैव उच्च प्राथामिकता राख्दै आएको छ । यस कम्पनीलाई नियमनकारी निकायहरुबाट प्राप्त निर्देशन, परिपत्रहरु व्यवस्थापनद्धारा तदारुकताका साथ सम्पादन गरी आएको छ । कम्पनी भित्र सुशासनलाई सुदृढ पार्नका लागि सञ्चालक समिति, लेखापरीक्षण समिति तथा व्यवस्थापनको नियमित बैठकहरु बस्ने र सोको निर्णयहरु कार्यान्वयन गर्दै आइरहेको छ ।

७. **सत्य, तथ्यता समबन्धमा कार्यकारी प्रमुखको उद्घोषण:**

यस प्रतिवेदनमा प्रस्तुत वितीय विवरणहरु कम्पनीद्वारा राखिएको लेखा अनुसार तयार गरिएको छ । मेरो जानकारीमा भए अनुसार यस विवरणमा उल्लिखित सम्पूर्ण विवरणहरु तथ्यको आधारमा तयार गरिएकाले सत्य, तथ्यपूर्ण रहेको र लगानीर्कतालाई सुसूचित गर्दै निर्णय लिन आवश्यक कुनै विवरण, सूचना तथा जानकारीहरु लुकाइएको छैन ।

Jhapa Energy Limited झापा इनर्जी लि.